**Journal of Tikapur Multiple Campus**
Vol.5; June 2022
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# कर्णाली प्रदेशका चाडपर्व, संस्कृति र भाषाका शाब्दिक विशेषता

धनकृष्ण उपाध्याय
टीकापुर बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: udhanakrishna153@gmail.com

**सार सङ्क्षेप**

नेपाली भाषाको उद्गमस्थल कर्णाली प्रदेश चाडपर्व, संस्कार र नेपाली भाषामा छुट्टै र मौलिक विशेषता रहेका छन् । कर्णाली प्रदेशमा सामाजिक भाषिकाको अत्यधिक प्रभाव रहेको देखिन्छ । यहाँ नातासम्बन्धी र जातिगत आधारमा प्रयोग गरिने पद पदावलीको स्थानीय प्रयोगअनुसार स्तरीय नेपालीभन्दा भिन्न स्वरूपका देखिन्छन् । साथै अभिवादनात्मक शब्द र शब्दावलीको प्रयोग र विविधतासम्बन्धी पाटो छुट्टै रहेको पाइन्छ । कर्णाली संस्कृति र पर्वमा विशिष्ट शब्दहरू प्रयोग गरिन्छन् । यी विविध चाडपर्वले हिन्दु परम्परामा अपनाइने मान्यताभन्दा आफ्नै खाले मौलिकताको छुट्टै पाटो रहेको छ । यिनै विविध पक्षमा विहङ्गम दृष्टिले अध्ययन तथा अनुसन्धान गरी खास खास विशेषताका आधारमा रही कर्णाली प्रदेशका चाडपर्व,संस्कार र भाषाका केही शाब्दिक पक्षको अध्ययन गरिएको छ । कर्णाली प्रदेशको कालिकोट जिल्लामा अवस्थित कालिकोट जिल्लाको नरहरीनाथ गाउँपालिकालाई अध्ययन क्षेत्र निर्धारण गरी क्षेत्रीय अध्ययन विधिका आधारमा अध्ययन तयार गरिएको छ । यस क्रममा अन्तवार्ता, छलफल र प्रश्नोत्तर जस्ता माध्यमबाट सामग्री सङ्कलन गरी प्रयोग गरिएको छ । प्राप्त सामग्रीलाई तत्सम्बन्धी विद्वान् र स्थानीय अग्रजको सहायताले सत्यापन गरिएको छ । उक्त सामग्रीकोवैधता तथा विश्वसनीयताका लागि सम्बन्धित विषयका पुस्तकालयीय सामग्रीमा आधारित भएर शोध अध्ययन विधि र व्याख्या विश्लेषणमा केन्द्रित भएर गुणात्मक ढाँचामा कर्णाली प्रदेशका चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषता अन्यत्रभन्दा मौलिक र विशिष्ट रहेका छन् भन्ने निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**शब्दकुन्जी** : खल्को, खस साम्राज्य, दर्शन, नातासम्बन्ध, संस्कार, संस्कृति, सहयोगी संस्कृति

## विषय परिचय

नेपाल राज्यको पश्चिम क्षेत्रअन्तर्गत पर्ने कर्णाली प्रदेश भाषा, दर्शन, संस्कार, चाडपर्व र संस्कृतिको धनी मानिन्छ । वर्तमान सन्दर्भमा कर्णाली प्रदेशमा त्यस बेलाको राज्यभन्दा केही बढी जिल्लाहरु देखिएका छन् । परम्परागत रुपमा कर्णाली राज्यअन्तर्गत तत्कालीन कर्णाली अञ्चलका पाँचओटै जिल्लाका साथै रापती, सेती र भेरी अञ्चलका केही जिल्लाहरू पनि समेटिएको पाइन्छ । यो अहिलेको राजनीतिक विभाजन नभएर प्राकृतिक विभाजनका साथै पहिलेको कर्णाली राज्य वाखसराज्यको

*Copyright 2022 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

साँधसीमा पनि हो । अर्को शब्दमा भन्दा खस साम्राज्यको भूभागलाई कर्णाली प्रदेश, उक्त स्थानमा प्रचलनमा आएको संस्कृति र दर्शनलाई कर्णाली संस्कृति र दर्शन तथा कर्णाली प्रदेशको प्रतिनिधित्व गर्न सक्ने कालिकोट जिल्लामा बोलिने नेपाली भाषाको स्थानीय भाषिक भेदलाईसमेटिएको छ । संस्कार र संस्कृतिअन्तर्गत वर्षभरि मनाइने वार्षिक पर्वहरू, संस्कार तथा अन्य दार्शनिक पक्षहरू रहेका छन् । आम नेपाली संस्कार र संस्कृतिभन्दा छुट्टै पहिचान राख्ने संस्कृति र दर्शन नै प्रमुख रूपमा यस क्षेत्रको दर्शन मानिन्छ ।कर्णाली प्रदेशका चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषताहरूलाई प्रमुख विषयवस्तुका रूपमा अध्ययनलाई पूर्णता दिइएको छ ।

प्रस्तुत कर्णाली प्रदेशका चाडपर्व, संस्कृति र भाषाका शाब्दिक विशेषता शीर्षकको अध्ययनमा केन्द्रित रहेको छ । यस क्षेत्रकाचाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषतामा केकस्ता मौलिक विशेषता रहेका छन् भन्ने मूल समस्यामा केन्द्रित रहेको छ । उक्त मूल प्रश्नसँग सम्बन्धित भई निम्नानुसार शोधप्रश्नहरू रहेका छन्  :

क) कर्णाली क्षेत्रका मौलिक चाडपर्व र संस्कार केकसरी मनाइन्छन् ?

ख) उक्त स्थानमा प्रचलित भाषिक भेदका केकस्ता मौलिक विशेषता रहेका छन्?

उपर्युक्त समस्यामा केन्द्रित भएर गरिएको प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कर्णाली क्षेत्रका मौलिक चाडपर्व र संस्कारको विश्लेषण गर्नु,

ख) उक्त स्थानमा प्रचलित भाषिक भेदका मौलिक विशेषता  किटान गर्नु ।

## पूर्वकार्यको समीक्षा

यस अध्ययनपूर्व कर्णाली संस्कार, संस्कृति, दर्शन र भाषिक पक्षमा प्रशस्त अध्ययन भएको पाइन्छ । कर्णाली प्रदेशका भाषा, साहित्य, संस्कार, संस्कृति, दर्शन विविध विषयसम्बन्धी भएगरेका अध्ययनहरू विविध खाले रहेका छन् । ती विभिन्न पूर्वकार्यका प्रतिनिधिस्वरूप यस अध्ययनसँग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध राख्ने प्रतिनिधिमूलक सामग्रीलाई पूर्वकार्यका रुपमा ग्रहण गरिएको छ । यिनै विविध पक्षमा भएका अध्ययन, अनुसन्धान, पुस्तक प्रकाशन, प्रतिवेदन तथा लेखमा प्राप्त सामग्रीलाई पूर्वकार्यका रूपमा ग्रहण गरी कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

नाथ (२०२२) ले इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह भाग १ मा विभिन्न सन्धि, कागजपत्र, सम्झौता आदि सङ्ग्रह गर्ने क्रममा कर्णाली प्रदेशको संस्कृति, दर्शन तथा सामाजिक पक्षका विविध विषयवस्तु सङ्कलन गरेका छन् । यस पुस्तकमा सङ्ग्रहित सामरिक पत्र, ठेकबन्दी तामापत्र, कागतपत्रहरू, काजक्रिया शिलापत्र, डोटी सामरिक शिलालेखजस्ता विभिन्न लेखहरूमा तत्कालीन कर्णाली प्रदेशको सामाजिक, राजनीतिक, आर्थिक पक्षका साथै सांस्कृतिक र दार्शनिक पक्षको पनि उजागर गरिएको छ । यी सङ्ग्रहमा उल्लिखित मान्यताका आधारमा हेर्दा त्यस बेलाको संस्कृतिको झलक त्यसलाई हस्तान्तरण र जगेर्ना गर्ने मान्यतासमेत उल्लेख गरिएको देखिन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सङ्कलित सामग्रीमा संस्कृतिसम्बन्धी लेख्य प्रमाणहरू सङ्कलन गरी त्यस बेलाका सांस्कृतिक पक्षका नमुनाहरू उल्लेख गरिएका छन् । यसबाट कर्णाली प्रदेशका लेख्य सामग्रीका आधारमा त्यहाँको भाषिक तथा सांस्कृतिक पक्ष केकस्तो अवस्थामा थियो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

जोशी (२०२८) ले कर्णाली लोक संस्कृति मा कर्णाली प्रदेशमा प्रचलित विभिन्न परम्परा र संस्कृतिको विस्तृत अध्ययन गरेका छन् । उक्त पुस्तकको तयारीका क्रममा जोशीले क्षेत्रीय अध्ययन विधिको उपयोग गरी कर्णाली प्रदेशका मेला, चाडपर्व, रीतिरिवाज, परम्परा, दर्शन र मान्यताको अध्ययन गरेका छन् । खास गरेर उक्त क्षेत्रका चाडपर्व, रीतिरिवाज जस्ता सांस्कृतिक पक्षमा विस्तृत अध्ययन गरी अन्य संस्कृतिभन्दा कर्णाली संस्कृति फरक र मौलिक रहेको निष्कर्ष निकालेका छन् । उक्त अध्ययन संस्कृतिको कुनै निश्चित विषयवस्तुको अध्ययनमा केन्द्रित हुनुभन्दा समग्र कर्णाली संस्कृतिको सेरोफेरोमा केन्द्रित रहेको छ । तसर्थ उक्त अध्ययन सामान्य प्रकृतिको रहेको छ । यसले कर्णाली प्रदेश धेरैजसो संस्कृतिको तेरिज खिँचेर निष्कर्षमा पुग्ने प्रयास गरेको छ ।

चालिसे (२०३९) ले डोटेली लोक संस्कृति र साहित्य नामक पुस्तकमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरी डोटी क्षेत्रका विविध पक्षको चर्चा गर्नुका साथै डोटेली लोक संस्कृतिका बारेमा पनि सङ्क्षिप्त चर्चा गरेका छन् । यो अध्ययन पनि क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । डोटी र कर्णाली दुबै क्षेत्रको भौगोलिक तथा ऐतिहासिक पक्षको चर्चा गर्नुका साथै केही सांस्कृतिक पक्षको समेत उल्लेख गरेका छन् । यस्ता सांस्कृतिक पक्षमा खानपिन, भेषभूषा, गरगहना, सांस्कृतिक परम्परा र चाडपर्व, धामी प्रथा, गौरा पूजा, विभिन्न समयमा मनाइने संस्कार आदिको सङ्क्षिप्त चर्चा गरेका छन् । डोटेली संस्कृति र कर्णाली संस्कृतिका विविध पक्षमा समानता रहेकाले यस अध्ययनले कर्णाली चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषताका धेरैजसो विषयवस्तुमा समानता रहेको देखिन्छ । लोकसंस्कृतिमा प्रचलित विभिन्न लोकलयका पद्यात्मक रचनाहरू प्रस्तुत गरेर डोटेली संस्कृतिको चर्चा गरी उक्त संस्कृतिमा उक्त क्षेत्रको मौलिक पहिचान हो भन्ने निष्कर्ष निकाल्ने प्रयत्न गरेका छन् ।

शाही, हर्कबहादुर (२०५३) द्वारा तयार पारिएको अछामी भाषिका : एक अध्ययननामक एमएड शोधपत्र क्षेत्रीय अध्ययन विधिमा नै आधारित रहेको छ । नेपाली भाषा र अछामी भाषिकाबिच तुलनात्मक अध्ययन गरिएको यस शोधपत्रको अन्त्यमा अछामी उखान टुक्काको प्रयोग गरेर त्यहाँको सांस्कृतिक पक्षको समेत उल्लेख गरेका छन् । यो अध्ययन मूलतः भाषाको तुलनामा केन्द्रित भए पनि यसले कर्णालीको संस्कृति, दर्शन र भाषाको मौलिकपना प्रस्तुत गर्ने प्रयत्न गरेको छ । पुनश्च शाहीकै अछामी भाषा : एक अध्ययन शीर्षकमा रहेको विद्यावारिधिको शोधपत्रमा अछामी भाषाका समग्र पक्षका प्रमुख विशेषता उल्लेख गर्दै अछामी भाषामा रहेका विभेदक पक्षको चर्चा गर्दै निष्कर्षमा पुग्ने प्रयास गरेका छन् ।

उपाध्याय (२०५६) ले रैबार पुस्तकमा नेपालीबोल एक्यौलिउठान राङ्फाउलो नाम दिएर बाजुरा जिल्ला खास गरेर कुन्डा दरालाई मूल स्थान मानी त्यस क्षेत्रमा प्रचलित भाषा, संस्कृति, परम्परा, चालचलनको विशेष चर्चा गरेका छन् । यस पुस्तकले बाजुरा जिल्लाको मात्र नभएर अधिकांश कर्णाली प्रदेशका जिल्लाका संस्कृतिको उठान गरेर संस्कृति र भाषाको पक्षमा उल्लेख्य योगदान दिएको छ । साथै निश्चित शब्दहरू सङ्कलन गरी कर्णाली प्रदेशलगायत विभिन्न क्षेत्रमा ती शब्दको उच्चारण र लेखनबारे उल्लेख गर्दै कर्णाली क्षेत्रका भाषिक विशेषता उल्लेख गरी त्यस क्षेत्रको भाषामा मौलिकता छन् फरकपन रहेको निष्कर्ष निकालेका छन् ।

उपाध्याय (२०६४) लेकालिकोट जिल्लाको लालुलोखाडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद र मानक नेपाली भाषाको वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन शीर्षकमा नेपाली भाषाको

स्थानीय भेदको सामान्य परिचय दिनु, वाक्यगठनसम्बन्धी समानता र भिन्नता पहिल्याउनु जस्ता उद्देश्य राखेर तत्कालीन लालु, कोटबाडा, मालकोट, कुमालगाउँ र रुप्सा गाविस हाल नरहरीनाथ गाउँपालिकालाई अध्ययन क्षेत्र बनाई लालुलोखाडी भाषिक भेदका व्याकरणिक कोटिका संर चनाका साथै वाक्यगठनसम्बन्धी विविध पक्षको स्तरीय  नेपालीसँग तुलनात्मक अध्ययन गरिएको पाइन्छ । यस क्रममा भाषाको अतिरिक्त केही सांस्कृतिक पक्षको पनि झलक प्रस्तुत गरिएको छ । वाक्यगठनसम्बन्धी विविध पक्षमा भएका समानता र भिन्नताको उल्लेख गर्दै लालुलोखाडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेदमा आदरका दुई तह मात्र भएको, रूपगत, प्रत्ययगत र ध्वन्यात्मक भिन्नता रहेको, शब्द भण्डारमा मौलिकता र विभक्ति चिह्नहरूमा विविधता रहेको निष्कर्ष निकालेको पाइन्छ ।

रिमाल (२०७६) लेसांस्कृतिक दर्पण आवधिक पत्रिकामा“लोकसंस्कृति भाग ख” नामक लेखमासुदूरपश्चिम तथा कर्णालीमा प्रचलित अधिकांश सांस्कृतिलाई समेट्ने प्रयास गरिएको छ । यस लेखमा बिसु सङ्क्रान्ति, गङ्गा दशहरा, जेठासी पुनी, हरिशयनी, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, नागपञ्चमी, कृष्ण जन्माष्टमी, मडुरे, घाँस्या पर्व, तिज, सोह्र श्राद्ध, तिहार, भैले पुनी, स्वस्थानी व्रत, पुस्याइती पुनी, वसन्त पञ्चमी, महाशिवरात्रि, होरी, चाँचरी, झोडा गीत, राइझुमा, ज्युनापुरी, गडुल्या खेल, मागल, बालो खेलाइ, कलायाँ फुल्या-धौँसिला, लागिग भाँगा, लोकलय र लोकगीत, लोकनृत्य, लोकदोहोरी, राँगा जुझाइ, गिरी खेल, पन्चेबाजा, सरुखेल, पड्छो जस्ता सांस्कृतिक चाडपर्व तथा अन्य पक्षलाई सङ्कलन गरी अलग अलग शीर्षक राखी तिनको परिचय, सांस्कृतिक महत्व र विशेषता प्रस्तुत गरिएको छ ।

उपर्युक्त विभिन्न शोध अनुसन्धान तथा लेखहरू विभिन्न संस्कृतिको चर्चा गरे पनि प्रस्तुत अध्ययन निश्चित विषयवस्तुमा केन्द्रित भई भाषिक पक्ष, दर्शन र  मौलिक संस्कृतिको पहिचान सम्बन्धमा कसैले शोध, अनुसन्धान नगरेकाले यो अध्ययन अन्यभन्दा विभेदक र फरक रहेकाले सोही रिक्तता पूरा गर्न प्रस्तुत अध्ययनलाई अघि सारिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन पूरा गर्नका लागि मूलतः क्षेत्रीय विधिमा आधारित प्राथमिक सामग्री सङ्कलन गरिएको छ ।  गौण रूपमा पुस्तकालयीय अध्ययनमा आधारित सामग्री सङ्कलन गरिएको छ । उक्त सङ्कलित सामग्रीलाई वर्णनात्मक, तुलनात्मक रविश्लेषणात्मक विधि पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । कर्णाली प्रदेशका जुम्ला, हुम्ला, कालिकोट, मुगु, अछाम र दैलेखका केही क्षेत्रको क्षेत्रगत भ्रमण अवलोकन गरी क्षेत्र निर्धारण गरिएको छ । यी जिल्लालाई आधार मानी अध्ययन गरिए तापनिकर्णाली प्रदेशअन्तर्गत कालिकोट जिल्लाको नरहरीनाथ गाउँपालिकालाई अध्ययनको प्रमुख क्षेत्रका रूपमा ग्रहण गरिएको छ । उक्त क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याबाट यादृच्छिक नमुना छनोट पद्धतिका आधारमा नमुना छनोट गरिएको छ । उक्त नमुना छनोटमा खास गरेर संस्कार र संस्कृतिसँग सम्बन्धित विभिन्न देवीदेवताका धामीडाँग्री, पुजारी र पुरोहितहरू र बुढापाका व्यक्तिहरू छनोट गरि एको छ भने भाषिक पक्षको अध्ययन गर्दा विभिन्न वर्ग, उमेर, जातजातिको प्रतिनिधित्व प्रत्येक वडाको प्रतिनिधित्व हुने जनसङ्ख्याबाट नमुना छनोट गरिएको छ । यसरी यादृच्छिक पद्धतिको आधारमा जम्मा १०० जनालाई नमुना छनोट गरिएको छ । छनोट गरिएका प्रतिनिधिबाट अन्तर्वार्ता, प्रश्नोत्तर, अवलोकन र छलफल जस्ता साधनको प्रयोग गरी  प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ । यसरी

सङ्कलित सामग्रीलाई पूर्णता दिन सम्बन्धित मूलवासी र विशेषज्ञबाट सत्यापन गरी वैधता प्रदान गर्ने काम गरिएको छ । साथै द्वितीयक सामग्रीका **रू**पमा सम्बन्धित विषय क्षेत्रका पुस्तकालयीय सामग्रीलाई ग्रहण गरिएको छ । यसरी प्रस्तुत अध्ययनगुणात्मक प्रकृतिको भएकाले मूलतः विश्लेषणात्मक विधिमा केन्द्रित रहेर परिभाषीकरण, वर्गीकरण, तथ्याङ्कन, अर्थाङ्कन र निष्कर्षणको मान्यतामा अघि बढाइएको छ ।

## चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषता

चाडपर्व र संस्कार जस्ता पक्षह**रू** संस्कृतिअन्तर्गत नै समेट्न सकिन्छ ।संस्कृति भन्नाले सुध्रेको अवस्था हो । सभ्यताले भौतिक क्षेत्रको स्थितिलाई जनाउँछ भने संस्कृतिले मानसिक क्षेत्रको प्रगतिलाई सूचित गर्दछ । 'कुनै स्थानको संस्कृतिले त्यस क्षेत्रको सम्पूर्ण मानसिक निधिलाई सूचित गर्छ' (दृष्टि भिजन, सन् २०१७, पृ.३) ।कुनै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानव समुदायले सिर्जना तथा अवलम्वन गरेका संस्कृतिलाई त्यसै क्षेत्रको नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ । उदाहरणस्वरूप पृथ्वीको पश्चिमी भागमा बसोबास गर्ने मानव समुदाय वा समुदायहरूको संस्कृतिलाई पाश्चात्य संस्कृति भनिन्छ भने पृथ्वीको पूर्वी भूभागमा बसोबास गर्ने मानव समुदायहरूको संस्कृतिलाई पूर्वीय संस्कृति भन्ने प्रचलन छ । त्यसैगरी नेपालको कर्णाली प्रदेशमा बसोबास गर्ने मानव समुदायहरूको संस्कृतिलाई कर्णाली संस्कृति, डोटी प्रदेशका बासिन्दाको संस्कृतिलाई डोटेली संस्कृति, मिथिला क्षेत्रको संस्कृतिलाई मिथिला संस्कृति, भन्ने प्रचलन पनि रहिआएको छ ।

त्यसैगरी कुनै देश वा राज्यको राजनीतिक सीमानाभित्र बसोबास गर्ने मानवसमुदायहरूको संस्कृति वा संस्कृतिहरूलाई तत्तत् देशको नामबाट पनि सम्बोधन गर्ने गरिन्छ, जस्तै नेपाली संस्कृति, भारतीय संस्कृति, चिनियाँ संस्कृति, फ्रान्सेली संस्कृति आदि । जाति वा समुदायविशेषका मानिसहरूको संस्कृतिलाई तत्तत् जाति वा समुदायको संस्कृतिका रूपमा चिनिन्छ । उदाहरणका रूपमा नेवार संस्कृति, गुरुङ संस्कृति, खस संस्कृति, चेपाङ संस्कृति, थारू संस्कृति, धिमाल संस्कृति, राई संस्कृति, लिम्बूसंस्कृति आदि ।"कुनै दर्शन वा चिन्तनका अनुयायीहरूले सो दर्शन वा चिन्तन अनुरूप सिर्जना तथा अवलम्बन गरेका कुराहरूलाई तत्तत् दर्शन एवं चिन्तन नै संस्कृतिका रूपमा उल्लेख गर्ने प्रचलन छ । उदाहरणका रूपमा हिन्दु संस्कृति, बौद्ध संस्कृति, इस्लाम संस्कृति आदि" (नेपाल सरकार, २०६८, पृ. १) । यी विभिन्न मान्यताका आधारमा हेर्दा स्थानका आधारमा कर्णाली संस्कृतिको निर्माण भएको देखिन्छ ।

संस्कृति कुनै खास व्यक्तिका पुरुषार्थबाट नभएर असङ्ख्य ज्ञात तथा अज्ञात व्यक्तिहरूका सामुहिक प्रयत्नको परिणामस्वरूप निर्माण हुन्छ।विभिन्न स्थानहरूमा भएका विशेष प्रकारका सामाजिक वातावरण, संस्थाहरू, प्रथाहरू, व्यवस्थाहरू, धर्म, दर्शन, लिपि, भाषा तथा कलाहरूको विकास गरेर विशिष्ट संस्कृतिको निर्माण भएको हुन्छ । यसै संस्कृतिअन्तर्गत दर्शनको उद्भव भएको हुन्छ । "हाम्रा सबै प्रकारका अनुभूतिहरूलाई युक्तिसङ्गत व्याख्या गरेर वास्तविकताको यथार्थ ज्ञान प्राप्त गर्नु दार्शनिक चिन्तनको उद्देश्य हो" (उपाध्याय, पृ. ४१) । नेपाली दर्शन मुलतः पौरस्त्य दर्शनबाट प्रभावित रहेकाले कर्णालीको दर्शन पनि सोही दर्शनबाट प्रभावित रहेको पाइन्छ । "पौरस्त्य दर्शन परिकल्पनात्मक, मनोवैज्ञानिक, व्यावहारिक, आशावादी, अपलायनवादी, समन्वयवादी र आदर्शमूलक रहेको छ । यो प्रवृत्तिमार्गी र निवृत्तिमार्गी दुबै खाले रहेको छ" (उपाध्याय, पृ. ४१) । यही संस्कृति र दर्शनको सेरोफेरोमा कर्णाली संस्कृति र दर्शन अघि बढ्नुका साथै केही मौलिक विशेषता पनि रहेका छन् ।

प्रत्येक भाषामा शब्दभण्डार, अर्थव्यवस्था र व्याकरणिक कोटिको अलग-अलग व्यवस्था हुने भएकाले भाषालाई यादृच्छिक वाक्प्रतीकको व्यवस्था मानिन्छ । वाक् भनेको बोली हो भने प्रतीक भनेको सङ्केत हो । भाषाअनुसार वाक्सङ्केतहरूको छनोटमा स्वतन्त्रता हुने भएकाले भाषा यादृच्छिक हुन्छ । यसैले विभिन्न क्षेत्रमा बोल्ने एउटै भाषाका विभिन्न भेद हुन सक्छन् । यस्तो क्षेत्रीय भेदलाई भाषिका भनिन्छ । कर्णाली क्षेत्रको भाषालाई विभिन्न विद्वान्ले माझाली भाषिकाको नामकरण गरेका छन् । खास गरेर माझाली भाषिकाको रास्कोटी भेदअन्तर्गतका शब्दभण्डारका विशेषता औँल्याइएका छन् । शब्दभण्डारका विशेषताअन्तर्गत क्षेत्रीय भाषिका र सामाजिक भाषिकाका शब्दहरू ग्रहण गरी तिनका विशेषता र संस्कृतिअन्तर्गत संस्कार, चाडपर्व आदिबारे विभिन्न शीर्षकमा चर्चा गरिएको छ :

## कर्णाली प्रदेशका वार्षिक पर्वहरू

कर्णाली प्रदेशमा मनाइने वार्षिक पर्वहरू नेपाली केही संस्कृतिसँग मिल्दाजुल्दा र केही छुट्टै पहिचान राख्ने खालका रहेका छन् । बिसु सङ्क्रान्ति, असार पन्ध्र, साउने सङ्क्रान्ति, जन्माष्टमी, आश्विन सङ्क्रान्ति, दसैं, भैली, माघे सङ्क्रान्ति, चैते दसैं आदिका साथै स्थानीय देवी देउताका पर्वहरू रहेका छन् । खास गरी समग्र नेपाली भूभागमा समान रूपले प्रयोग गरिने चाडपर्व, परम्परा संस्कृति र दर्शनको चर्चा नगरी यहाँ छुट्टै पहिचान राख्ने पर्वहरूलाई शीर्षक दिएर समावेश गरिएको छ । साथै उक्त पर्वसम्बन्धी सांस्कृतिक तथा दार्शनिक विशेषताहरूलाई वैशाखबाट चैत्रसम्म हुने कार्यलाई क्रमशः सङ्क्षेपमा विभिन्न उपशीर्षकमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

## बिसु सङ्राँति

कर्णाली प्रदेशमानव वर्षका दिन वैशााख एक गते मनाइने बिसु पर्वबाट नै वार्षिक पर्वको सुरुवात भएको पाइन्छ । यस दिन अनिवार्य रूपमा सफासँग नुहाएर विष खटिरा फाल्नुपर्छ । यदि उक्त दिन नुहाउँदा कतै पानीले पखालिएन भने उक्त अङ्गमा खटिरा आउँछ भन्ने जनविश्वास छ । कतै कतै उक्त दिन देवर भाउजू, साली, भिनाजु जस्ता हाँसोठट्टा गर्न मिल्ने नाता भएकाले एक अर्कालाई सिस्नाले पोलेर हाँसोठट्टा गर्ने प्रचलन पनि पाइन्छ । साथै वैशाख एक गते नै महिलाहरूले शुद्ध कपासबाट धागो बाटेर छ वटा  धागालाई घुमाएर बिचमा जनै गाँठो पारी तलतिर फुर्का बनाइएको तागा पोते वा अन्य घाँटीमा लगाउने तिलहरी आदि अलङ्कारको घाँटीतिरको भागमा झुन्ड्याइन्छ । यस तागालाई पूजाआजा गरेर सधवा नारीले मात्र बाँध्ने प्रचलन छ । जस्तोसुकै झगडा भएर माइती गएका वा अन्यत्र कतै गएका बुहारीहरू पनि त्यस दिन अनिवार्य रूपमा आफ्नो घर फर्किन्छन् । यदि त्यस दिन घर नफर्केमा लगभग सम्बन्ध टुङ्गिएको मानिन्छ । त्यो तागा लगाउने काम वर्षमा दुई चोटि हुन्छ : वैशाख एक गते र कार्तिक छ गते ।

जेठ महिनामा खासै सांस्कृतिक पर्व नभए पनि ज्येष्ठ पूर्णिमाका दिन आफूले पुज्दै आएका कुलदेवतालाई न्वागी चढाउने प्रचलन रहेको छ । हिउँदे बाली भित्र्याइसकिने भएकाले उक्त बाली देवतालाई चढाउने प्रचलन छ । देवतालाई चढाइसकेपछि मात्र आफूले खाने चलन छ । कसैलाई नयाँ बाली उक्त पूर्णिमाभन्दा पहिले खानुपरेमा देवताको भाग छुट्याएर खाने गर्छन् । सोही छुट्याइएको अन्न यस पूर्णिमामा देवताको थानमा चढाइन्छ । देउताको भाग नछुट्याएर आफूले खानु राम्रो मानिदैन । यति मात्र होइन कुनै शुभकार्य गर्दा, साइत गर्दा, नयाँ कामको थालनी गर्दा कुलदेवतालाई सम्झी ध्वजा छुट्याई मात्र अघि बढ्ने काम हुन्छ । कुलदेवता जता गए पनि सँगै जान्छन् भन्ने जनविश्वास र दार्शनिक मान्यता रहेको छ ।

असार महिनालाई कामको महिना मानिन्छ । यस महिनामा रोपाइँको काम हुन्छ । रोपाइँ सुरु गर्दा राम्रो दिन हेरिन्छ । पहिलो दिन धान रोपाइँ गर्नुलाई "पोथी सराइ" भनिन्छ । धान रोपाइँ सुरु गर्दा फुर्तिलो मान्छेबाट सुरु गराइन्छ । यसरी रोपाइँ सुरुवात गर्नुलाई 'ओसार्नु' भनिन्छ । 'ओसर' भनेर 'टाङ्लो हाल्न' (धानको पहिलो बिउ रोप्न) सुरु गरिन्छ । रोपाहार महिला मात्र हुने भए पनि 'ओसर' गर्ने वा सुरुवात गर्ने काम प्रायः फुर्तिलो र कामदार हली वा बाउसेबाट गरिन्छ । यस्तो मान्छेले 'टाङ्लो' हाले पछि रोप्नेरी (रोपाहार) को ढाड नदुख्ने र समयमै रोपाइँ सिद्धिन्छ भन्ने धारणा रहेको पाइन्छ । सबै खेत रोपिसकेपछि मैपुजाइ (मैजारो) गरिन्छ । मैजारो खेतमा नभएर घरमै गरिन्छ । यसरी मैपुजाइ वा मैजारो गर्दा बल्ल (गोरु) लाई असारे हिलो राम्ररी पखाल्ने गरी नुहाइधुवाइ गरेर घरआँगनमै जुवालीमा नारेर हलो, आदि सबै जोत्नमा प्रयोग हुने साधनको र गोरुको विधिपूर्वक पूजा गरी उक्त साधन, गोरु र घरका सदस्यलाई भुरुली (धानको बिउबाट बनाइएको कान वा टोपीमा पहिरिने) लगाइन्छ । हलगोरुलाई मिठो खानेकुरा दिनुको साथै आफूले पनि मिठो मसिनो खाने गरिन्छ । यस महिनामा अघिपछि जस्तो अबेरसम्म बसेर कथा सुन्ने, गफ गर्ने काम हुँदैन । छिटै सुतेर सबेरै उठ्नुपर्छ । त्यसैले "असाडको पन्द ढुलिबियाउनु, पुसको पन्द बसिबियाउनु" (असारको पन्ध्र सुतेर बिताउनु, पुसको पन्ध्र बसेर बिताउनु) भन्ने परम्परा छ ।

### ओल्क्या सङ्राँति

श्रावण सङ्क्रान्तिलाई ओल्क्या सङ्राँति भनिन्छ । यस दिन घरमा फलेको नयाँ तरकारी, दही घिउ, हरियो सागपात, चामल जस्ता खाद्यान्न लिएर गाउँको मुखिया वा जान्नेमान्नेकहाँ ओलक लगाउने चलन पाइन्छ । कतै कतै बाङ्गो चिचिन्डो र कोक्याउने पिडालुको कर्कलोलगायतका सामान  लिएर माइती पक्षहरूलाई ओलक लगाउने चलन पनि पाइन्छ । साथै यस दिन छिउबुडी फाल्ने परम्परा रहेको पाइन्छ । यसमा गुनीपुच्छ्रे, तेलपारो, कौवालायो, कैरुलो (कुरिलो जातको काँडेदार झार) र खाँडाधारीका ससाना हाँगाहरू ल्याएर घरका कुना कुनामा घुमाएर (मन्साएर)  घरको अनिकाल भागिजा भनेर ढोकामा लगिन्छ र खरानीका डल्ला र त्यसमा दियालो बालेर गाउँभन्दा टाढा दोबाटो वा भिरको सिरानमा लगेर "ए फलाना अनिकाल लैजा सुबिकाल दिजा" भनेर वल्लोपल्लो गाउँको कुनै मान्छेको नामै काढेर पुकारिन्छ । यो काम प्रायः किशोर किशारीहरूबाट हुने गर्छ । यो नेपाली समाजमा अन्यत्र प्रचलित लुतो फाल्ने परम्पराजस्तै हो ।

### घाँस्या सङ्राँति

आश्विन सङ्क्रान्तिलाई घाँस्या सङ्राँति वा गाईतिहार भनिन्छ । यस दिन बिहान सबेरै उठेर नुहाइधुवाइ गरी गाईलाई घाँस हाल्ने प्रचलन छ । त्यस दिन गाईलाई घाँस अन्नपात र प्रसाद खुवाई पूजाआजा गरिन्छ । घाँस्या सङ्राँतिका राति कतिपय ठाउँमा घाँसे जात्रा लाग्ने परम्परा छ । घाँसे जात्राका अवसरमा रातभर देउडा खेलेर रमाइलो गर्ने काम हुन्छ । केटाकेटीहरू ठाडी भाकामा न्याउल्या गीत गाउने गर्छन् । त्यस दिन पानी पऱ्यो भने वर्षभरि अन्नपात राम्रो फल्छ र अनिकाल हुँदैन भन्ने जनविश्वास रहेको छ ।

## पैठ

प्रायः शरद् ऋतुमा नै देवीदेउताको पैठ (पर्व) गर्ने परम्परा यस क्षेत्रमा रहेको पाइन्छ । खास गरी मस्टो देवताका देहेणु, नुवादेउ, दाह्रेमस्टो, रमालमस्टो, धवलपुरो, बन्डाल्नी, कालासिल्ला, खोदाई, काँडादेउ, निलकटी, निलाग्र, अम्रेल, शिवनाथ, कैलासजस्ता विभिन्न रूपका देउताका विभिन्न तिथि पारेर पैठ गर्ने (पर्व मनाउने) चलन रहेको छ । जुन दिन पर्व मनाइने तिथि पर्छ त्यसको अघिल्लो राति धामी, डाङ्ग्री (धामीको सहयोगी वा व्यवस्थापक) तथा पुजारीलगायत अन्य मुख्य मान्छे देउताका थान (मन्दिर) मा गएर सरसफाइ गरी बाहिर मुढा बालेर  सामान्य पूजाआजा गरी रातभर जाग्राम बसिन्छ । यसरी जाग्राम बस्नुलाई खडराति (खडा+राति) भन्ने गरिन्छ । भोलिपल्ट पर्वका दिन धामी, डाङ्ग्री तथा पुजारीका घरमा रहेका देउताका गरहगहना (घण्ट, त्रिशुल आदि) डालोमा राखी बाजागाजासहित थानमा लगिन्छ । यी सामग्रीलाई देउताका भारा भनिन्छ । प्रत्येक देउताको एउटा मूल धामी हुन्छन् । थानमा पुगेपछि पूजाआजापछि मूलधामीलाई देउता चढेपछि अन्य धामीलाई पनि उनले आवाहन गर्छन् । यसरी एउटा पर्वमा पाँचदश जनादेखि सयौँ जना धामी नाच्ने गर्छन् । मूल धामी र अन्य विशिष्ट धामीलाई अरूले काँध चढाएर नचाउने गर्छन् । यसरी नाच्नुलाई 'धामी पतुर्नु' भनिन्छ । "जन्त राम्णा बेउलाबे उली पैठ राम्णा धामी" (जन्तीमा बेहुलाबेहुली राम्रा देखिन्छन् भने पैठमा धामी) भन्ने परम्परा रहेकाले धामी महत्त्वपूर्ण व्यक्ति हुन् भन्ने प्रस्ट हुन्छ । रोग निको पार्ने, सल्लाह सुझाब दिने जस्ता कार्यहरू धामीद्वारा हुने गर्दछ । विविध नाम गरेका मस्टो देवताका रूपका साथै नन्दामाता, रूपामाता, ठिँगेल्नी माता, कालिका, मालिका, इजया, विजया, तारा, तिपुरा, भैरवा, सुन्दरा जस्ता नाम गरेका देवीहरूको पूजा गरिन्छ । गाई, गोरु, भैंसी, बाखाआदि घरपालुवा जनावर, अन्नपातका छुट्टाछुट्टै देवी देवताहरू मान्ने गरिन्छ । यी देवी देवताका पूजाआजामा देवी देवताको पुकारा गरिने भारीखेल, मनोरञ्जनात्मक देउडा खेल र ठाडी भाकाका देउडा गाएर रातभरि रमाइलो गरिन्छ । आपत्विपत् पर्दा हिन्दु देवताको नाम लिनुभन्दा पनि आफूले मान्ने कुलदेवतालाई सम्झिने गर्छन् र मनोकामना पूरा भएमा भाकल चढाउने गरिन्छ । यसरी भाकल चढाउँदा धामीलाई गादीपगडी र रक्तभोगी देवतालाई बोकाको बली दिनुका साथै त्रिशूल, घण्ट र पर्गालो (ध्वजा), लोहागुर्जा (फलामको एकातिर डल्लो र एकातिर तिखो भएको) चढाउने परम्परा छ भने  दुधभोगी देवतालाई त्रिशुल, घण्ट र पर्गालो (ध्वजा), लोहागुर्जा जस्ता गहना मात्र चढाउने गरिन्छ ।

## बडा दसैं

दसैंको शुभ अवसरमा घरको सरसफाइ र लिपपोत गर्ने काम हुन्छ । खास गरी कमेरो तथा कमेरो नहुने ठाउँमा रातो माटाले घरहरू लिपपोत गरिन्छ । धार्मिक हिसाबले दसैं समान रूपले मनाइने भए तापनि सांस्कृतिक हिसाबले भने केही विभिन्नता पाइन्छ । खास गरी मौलामा छोडुवा राँगो काट्ने परम्परा यहाँको विशेष र मौलिक विशेषता हो । छोडुवा काटिने राँगोलाई घटस्थापनाका दिनमै विशेष पूजाआजा गरेर पन्चेबाजासहित गाउँ गाउँ डुलाइन्छ । जहाँ जहाँ राँगो जान्छ त्यस ठाउँका मानिसहरूले राँगालाई खानेकुरा दिनुका साथै भेटी र अन्नपात दिने गर्छन् । एवं रीतले यो प्रक्रिया महाष्टमीसम्म चल्छ । महानवमीको दिन उक्त राँगो मौलामा पुजारीले सङ्कल्प हालेपछि टिकैत (मुखिया) ले राँगाको घाँटीमा अलिकति छुरी लगाउँछन् र राँगालाई बाँधेको दाम्लो काटिन्छ र राँगो भाग्न थाल्छ ।  राँगाका पछि पछि दगुरी खुकुरी र तरबार प्रहार गर्ने काम पनि गर्छन् । राँगो काट्ने मान्छे बहादुर ठहरिन्छ,

तसर्थ राँगो काट्नका लागि तँछाडमछाड गरिन्छ । धेरै टाढा लगेर राँगो काटिसकेपछि देवीको मौलातिर फर्किन्छन् । छोडुवा राँगोका साथै अन्य राँगा बोकाको बली पनि दिने गरिन्छ । त्यसपछि सरौं (सराइँ) खेल्ने काम हुन्छ । रातभरि देवीको प्रार्थनास्वरूप देउडा खेल नाचगान र न्याउले खेलेर रमाइलो गरिन्छ । दसैंको दसौं दिन टीका जमरा लगाउन ठुलाबडाकहाँ जाने गर्दछन् । कर्णाली क्षेत्रमा पहिले ठुलाबडालाई टीका जमरा लगाइन्छ त्यसपछि मात्र ठुलाबडाले टीका जमरा लगाइदिने गर्छन् । टीका जमरा अन्यत्र जस्तो ठुलाबडाले एकोहोरो नलगाएर दोहोरो नै लगाउने गरिन्छ । चेलीबेटीबाहेक अन्य सानालाई दक्षिणा दिने काम यस क्षेत्रमा हँदैन । तिहारमा जुवातास खेल्ने जस्ता कामबाहेक पञ्चकमा मनाइने काग तिहार, कुकुर तिहार, गाई तिहार, लक्ष्मी पूजा, गोबर्धन पूजा, र भाइटीका जस्ता पर्वहरू भने खासै मनाइँदैनन् । यातायातको आवागमन तथा अन्य समाजसँगको सम्बन्धका कारण आजभोलि यी पर्वहरू मनाउन थालिएका छन् ।

पौष महिनाको पूर्णिमालाई भैले पुनी भनिन्छ, यसलाई ठुली भैली पनि भनिन्छ । अन्यत्र तिहार मा भैलो खेलेजस्तै यहाँ यही पूर्णिमाको राति भैलो खेलिन्छ । कतिपय स्थानमा यो भैली सात दिनसम्म खेलिन्छ । पुस पन्ध्रमा ढक्काने वा भुक्चाल्ने वा भुक्काने रोटो (चामलको ठुलो रोटी) पकाइन्छ । यस्तो रोटी खाँदै रातभर गफगाफ गरेर बिताइन्छ । त्यसैले "असाडको पन्द ढुलिबियाउनु, पुसको पन्द बसिबियाउनु" भन्ने प्रचलन चलेको हो ।

## माग्या सङ्राँति

मकर सङ्क्रान्तिलाई माग्या सङ्राँति भनिन्छ । माघे सङ्क्रान्तिभन्दा अघिल्लो राति वा मसान्तका राति मुढा बाल्ने गरिन्छ । मुढा बाल्नका लागि गाउँघरबाट मुढाहरू जम्मा गरिन्छ । यसका लागि गाउँका युवा युवतीहरूको सक्रियता रहन्छ । कहिलेकाहीँ चोरेर भए पनि मुढाहरू जम्मा गर्ने गरिन्छ । मुढाहरू जम्मा गर्ने काम पँधेरो नजिक हुन्छ । साँझको खानपिन गरिसकेपछि सबै युवायुवतीहरू मुढाहरू जम्मा गरिएको पँधेरामा जम्मा हुन्छन् । मुढाहरू बालेर नाचगान र ख्यालठट्टा गर्दै युवायुवती रात बिताउँछन् । ब्रह्ममुहूर्तमा नै नुहाएर युवा युवतीहरू मुढा बालेको धुनीको टीका लगाई घर फर्किन्छन् । गाउँघरका बुढापाकाहरू पनि त्यहाँ गएर नुहाइ धुवाइ गरी एवं रीतले टीका लगाउने गर्दछन् । यसरी टीका लगाइ सकेपछि आगाको गोल हातले समातेर टाउकामा घुमाई टाढा फ्याँकिन्छ । यस्तो गर्दा रोगव्याधि र पापकर्म नष्ट हुन्छन् भन्ने जनविश्वास रहेको छ । उक्त मसान्तको रातमा टाट्या (पुरी), बाबर (सेल) लगायतका अन्य मिष्ठान्न पकाइन्छ । सेलरोटी पकाउन तयार पारिएको गिलो पिठोबाट अगेना नजिकका भित्तामा विभिन्न प्रकारका चित्रहरू बनाइन्छन् । चित्रहरूमा प्रायः मानिस, जनावर, चराचुरुङ्गी माछा आदि रहन्छन् । साथै तरुल लगायत कन्दमूल पनि पकाइन्छ । त्यसरी पकाइएका परिकारहरू मकर सङ्क्रान्तिका दिन हरियो पातमा पोको पारी चेलीबेटीहरूलाई दिइन्छ । यसरी दिइने सगुनलाई च्याल्त्यार (चेली तिहार)भनिन्छ । टाढा टाढा रहेका चेलीबेटीहरूलाई च्याल्त्यार दिने काम माघ महिनाभरि हुन्छ । यसलाई हरियो पात दिनु भन्ने पराम्परा पनि छ । आशौच बारेको अवस्थामा बाहेक अन्य अवस्थामा चेलीबेटीलाई सो सगुन नदिएमा दुःख मनाउका साथै गुनासो पनि गरिन्छ । माघ महिनालाई पवित्र महिनाका रूपमा लिइन्छ । सधैँ माछामासु खानेले पनि यस महिनामा माछामासु खाँदैनन् । माघ पवित्र महिना मानिने भएकाले यहाँ "साउनको जन्मनु निको माघको मर्नँ निको" भन्ने आहान नै रहेको छ ।

## नाता सम्बन्ध

कर्णाली प्रदेशको सम्बोधन तथा नाता सम्बन्धको आफ्नै परम्परा रहेको छ । सामाजिक पर म्परा र वर्गीकरणअनुसार फरक फरक ढङ्गले साइनो गरी पुकारिन्छ । नेपालका विभिन्न ठाउँभन्दा त्यस ठाउँमा जातजातिअनुसार साइनो पनि भिन्न भिन्न हुने गर्दछ । नेपालको अन्य क्षेत्रभन्दा कर्णाली क्षेत्रमा सामाजिक भाषिकाको अस्तित्व बढी देखिन्छ । सामाजिक भाषिकाको लागि यो क्षेत्र उल्लेख्य मानिन्छ । यहाँ स्तरीय नेपाली भाषाभन्दा भिन्न पहिचान राख्ने साइनोहरूको मात्र विशेष रूपमा बढी उल्लेख गर्ने प्रयास गरिएको छ ।

यस क्षेत्रमा ब्राह्मण जातिमा साइनोको बढी विविधता पाइन्छ । उक्त साइनोहरूमध्ये अधिकांश साइनोहरू अन्य जातिमा पनि प्रयोग हुने भएकाले ब्राह्मण जातिलाई छुट्टै उल्लेख गर्न खोजिएको हो । उनीहरूमा आमा, बाउज्यू (बुबा), दिदी, दाज्यू, भाउज्यू, भिनाज्यू, काउज्यू (काका), सानीआमा, मोहज्यू (मामाज्यू)  माइज्यू, बज्ज्यू (बज्यैं), बोब (हजुरबुबा), फुज्यू,  फुवाज्यू, सउराज्यू, सासु,जस्ता साइनो प्रयो ग गरिन्छ । महिलाहरूले पुकारिने साइनोमा सानोसइँ/सानागोसाइँ (देवर), बड्ज्यू बडाज्यू (सासु ससुर ालाई बुहारीले), जेठाज्यू, जेठानी, सानीगोसी/शानसइँ (नन्द) जस्ता शब्दहरू प्रयोग हुन्छन् । ब्राह्मणले ठकुरीहरूलाई साइनो पारेर बोलाउनु परेमा दादु (दाजु), मुमा आदि शब्दहरू प्रयोग गरिन्छन् । क्षे त्रीहरूलाई बोलाउँदा दाजी, भाउजू, काका/काकु बा, बुबु (बाजे), जिया(आमा), आज्जी (दिदी), सान्ज्या (सानी जिया) आदि भनेर पुकाारिन्छ । तथाकथित दलित जातिलाई बोलाउँदा आबा (बुबा), दादा (दाइ), बुबु जस्ता शब्दहरू प्रयोग गर्ने प्रचलन छ ।

ठकुरी, छेत्री तथा तथाकथित दलितहरूमा बाहुनको भन्दा केही फरक शब्द प्रयोग हुन्छन् । ठकुरीहरूमा बुबा, मुवाँ, सानी  मुवाँ, आज्जू (दिदी) आदि साइनोद्वारा पुकारिन्छ भने छेत्रीहरूमा  जिया (आमा), बाउजु, आज्जी (दिदी), सान्ज्या (सानी जिया), भाउजू जस्ता शब्दहरू प्रयोग गरिन्छन् भने अन्य जातिलाई बोलाउँदा उनीहरूकै साइनो प्रयोग गरिन्छ । तथाकथित दलित भनिने कामी, दमाइँ सार्की, भियाल, लुहार, सुनार जस्ता जातिहरूले पुकारिने साइनोमा अन्य जातिभन्दा केही भिन्नता देखिन्छ । आमा, बाबा, दाइ, भाउजू, काकु जस्ता शब्दहरू साइनोका रूपमा प्रयुक्त हुन्छन् ।

## ढोगभेट

ढोगभेट गर्दा लोग्नेमान्छेले आमा, बुबा, काका, काकी, दिदी, भिनाजु, फुपू, फुपाजु, दाजु, जस्ता साइनो पर्नेलाई खुट्टामै पर्ने गरिन्छ । यसरी ढोग्दा जद्यौ/भद्यौ काउज्यू, दाज्यू ... भनिन्छ । आशीर्वाद दिँदा 'बाँचिरएइ वा भाग्यमानी भएइ' भनिन्छ । देवर भाउजूको ढोगभेटमा पहिले देवर  निहुरिन्छ र पछि भाउजू पनि निहुरिनु पर्छ । देवर भाउजूमा एकोहोरो ढोग हुँदैन । सम्धी सम्धीबिच ढोगभेट हुँदा पहिले केटा पक्षका सम्धीले 'पायँ लागेँ सम्धी' भनेर दुबै हात अगाडि बढाएर निहुरेपछि केटी पक्षकाले सो हीअनुसार ढोग फिर्ता गरिन्छ । अन्यत्र जस्तो केटी पक्षका सम्धीले केटा पक्षको खुट्टामा पर्ने चलन छैन । यहाँ केटा पक्षभन्दा केटी पक्षका सम्धीलाई बढी महँव दिइन्छ । टाढाका आफूभन्दा ठुलालाई टाढैबाट जद्यौ/भद्यौ भनेर ठाडै ढोग्ने परम्परा पनि रहेको छ । स्वास्नीमान्छे वा केटीहरूले ढोग्दा पोइली पक्षका लोग्ने, सासू, ससुरा, अमाजू, जस्ता साइनो पर्नेलाई खुट्टामा तीन पटक जुहारेर टाउको खुट्टामै राखेर ढोग्ने परम्परा छ । यसरी ढोग गरेपछि प्रायः 'ऐभाँति बाँचिरएइ वा भाग्यमानी भएइ' भनेर आशीर्वाद

दिने गरिन्छ । प्रायः यस्तो ढोगभेट सबै जातजातिमा समान रूपले हुने गर्छ । ब्राह्मण क्षत्रियबिच ढोगभेट हँदा साइनो प्रयोग गरिएको छ भने कान्छो साइनो पर्नेले पहिले पाउ लागी वा स्वस्ति भनिन्छ । बाहुनले स्वस्ति र क्षत्रियले पाउ लागी भन्ने गरिन्छ । त्यस्तो साइनो नभए क्षत्रियले नै बाहुनलाई ढोग्ने गरिन्छ । तथाकथित दलितले उपल्लो जाति मानिनेलाई भने 'जदौ साहेब' भनेर ढोग गरेपछि आफूभन्दा ठुलो भएपछि 'बाँचिरया वा भाग्यमानी भया' भनेर तथा आफूभन्दा सानो भएपछि 'बाँचिरएइ वा भाग्यमानी भएइ' भनेर आशीर्वाद दिने गरिन्छ । जेठाजु तथा भाइबुहारीले एकअर्कालाई नछुने भएकाले प्रायः कमै ढोगभेट हुन्छ ।

### सम्मानजनक तथा हेयात्मक शब्दहरू

कर्णाली प्रदेशमा प्रयोग गरिने विभिन्न जातजातिगत सम्मानजनक तथा हेयात्मक शब्दका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । यी शब्दहरू निम्नानुसार रहेका छन् :

| जातजाति | सम्मानजनक शब्द | हेयात्मक शब्द |
|---|---|---|
| बामन (ब्रामण ) | थानी, पुजारी, पण्डितजी | काठो |
| ठकुरी | बाबुसाहेब, राजा | खुसुन्डो, हितान |
| छेत्री | काजी, मुखिया | खस, खसियो |
| कामी | लुहार, आबा/दादा | कमारो, हाडी |
| दमाईं | दर्जी आबा/दादा | टाम्क्या |
| दशनामी | महाराजजी | धाँगड |
| स्त्रीलिङ्गी शब्द | | |
| बामन (ब्रामण ) | बाम्नी, पुजार्नी, पन्डित्नी | काठी |
| ठकुरी | ठकुरानी, रानीसाहेब, मैँया | खुसुन्डी, हितान्नी |
| छेत्री | काजिनी, मुख्यानी | खसिनी |
| कामी | लुहार्नी | कमारी |
| दमाईं | दर्जिनी | टाम्क्यानी |
| दशनामी | माताजी | धाँगड्नी |

### शुभाशुभ

कर्णाली प्रदेशमा शुभाशुभको पनि छुट्टै मान्यता रहेको छ । लामो वा विशेष कार्यका लागि साइत गर्दा धामी वा ज्योतिषीसित दिन हेराउने गरिन्छ । साइतको बेला बाटोमा आलो माछा र बासी दही भेटिनु उत्तम मानिन्छ । त्यस्तै कन्या केटी, भरी गाग्री पानी, दहीको ठेकी, हरियो घाँसको भारी, गाई, गुना (ढेडु) भेटिनु पनि राम्रो मानिन्छ । घरबाट हिड्दा ठेस लाग्नु, बिरालो वा सर्पले बाटो काट्नु, रित्ता र जुठा भाँडाहरू देख्नु, बाइफाला आइमाई भेटिनु, बाँदर भेटिनु, कसैले कता जाने भनी सोध्नु

जस्ता कुराहरू अशुभ मानिन्छन् र साइत बिग्रिन्छ भन्ने मान्यता रहेको छ। दिसा पिसाब गर्न लागेको देख्नु पनि राम्रो मानिँदैन तर महिलाको मूत्रद्वार र पुरुषको मलद्वार मात्र देखिनु अशुभ मानिदैन। त्यस्तै तथाकथित कप्टिनी, बोक्सिनी, बोक्सो (बोक्सा बोक्सी) को मुख हेर्नु पनि अशुभ मानिन्छ।

## संस्कार

हिन्दु परम्परामा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, उपनयन, वेदाारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि नाम गरिएका सोह्र संस्कारहरू उल्लेख गरिए तापनि ती सबै संस्कारहरू कर्णाली क्षेत्रमा मानिँदैनन्। तीमध्ये केही संस्कारहरू मात्र मान्ने परम्परा रहेको पाइन्छ। जसमा नामकर्म, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, विवाह र अन्त्येष्टि जस्ता संस्कारहरू पर्दछन्। यिनमा पनि कर्णवेध र विद्यारम्भ वसन्त पञ्चमी जस्ता शुभ दिन पारेर सामान्य रूपले सम्पन्न गरिन्छ। वेदारम्भ भने उपाध्याय बाहुनको मात्र उपनयन संस्कारमै सम्पन्न गरिन्छ। अन्य केही प्रमुख संस्कार तल उल्लेख गरिन्छ।

## छैटी

नामकर्मसँग सम्बन्धित छैटी यस क्षेत्रमा मनाइने गरिन्छ। बालक जन्मेको छैटौं दिनको राति यो संस्कार गरिन्छ। यस रातमा खास गरेर महिलाहरू जम्मा भई मागल गाउने, देउडा खेलेर रमाइलो गर्ने काम हुन्छ। फुपूहरूले ल्याएको काँठो (भित्र कपडाका टुक्रा हालेर बिचमा मोटो र दुबै छेउतिर मसिनो भएको बालकको घाँटीमा बाँधिने वस्तु) बच्छो (शरीरको माथिल्लो अङ्गमा लगाइने दौरा आदि लुगा) लगाउने गरिन्छ। यही रातमा भावीले बालकको निधारमा भाग्य लेख्छिन् भन्ने जनविश्वास रहेको छ। छैटीमा आएका सबैलाई सगुन खान दिने परम्परा रहेको छ। हुनेखानेले भोलिपल्ट भोज भतेर पनि गर्छन्। सातौं दिनको बिहानै बैदार (ज्योतिषी) कहाँ गएर नाम राख्ने चलन छ। हिन्दु संस्कारमा वर्णित नामकरण विधि वा न्वारन बिरलै हुन्छ।

## व्रतबन्ध

व्रतबन्ध संस्कारमावैदिक विधिका अतिरिक्त केही आफ्नै परम्परा पनि रहेको छ। व्रतबन्धका दिन नाचगान गरेर रमाइलो गरिन्छ। गाउँलेलाई भोज खुवाइन्छ। व्रतबन्ध गरिएको वटुकलाई पगरी बाँधी पिठायो (दुबो र टीका आदि) लगाएर आफ्नो गच्छेअनुसार गाई, भैंसी, जग्गा, पैसा आदि दिने गरिन्छ। यसरी दिइने सरसामानलाई बतिबन्दे वा बालो हाल्ने भनिन्छ। यसरी दिइएको सामान वटुकको निजी मानिन्छ,त्यसमा अरू कसैको हक लाग्ने र अंश लाग्ने हुँदैन।

## विवाह संस्कार

विवाह संस्कारमा पनि केही मौलिक परम्परा पनि रहेको पाइन्छ। यस क्षेत्रमा मागी विवाहको प्रचलन बढी पाइन्छ। सामान्यतया केटी जन्मेको सातौं दिनमा दहीको ठेकी लिएर केटी माग्न जाने चलन छ। यदि केटी दिने भए दही खाइन्छ, नदिने भए फर्किने वेलामा दही फिर्ता गरिन्छ। सात दिनदेखि बिहे नहुँदासम्म केटी माग्ने क्रम जारी रहन्छ। तर केटी कसैलाई दिइसकेपछि भने यो क्रम रोकिन्छ। कहिलेकाहीँ आसुरी विवाह भन्न मिल्ने रक्छी ब्याहा गरेको पनि पाइन्छ। रक्छी ब्याहा भनेको

माग्दा पनि नदिएमा वा अन्य कारणले केटीको उमेर पुग्दा पनि विवाह नगरेको वा कसैलाई दिइएको छैन भने कुनै जात्रापर्वको अवसर पारेर केटीलाई जबरजस्ती रक्छेर (तानेर) घरमा लगी बिहे गर्नु हो । यस्तो बिहे पनि आफ्नो मिल्दो जातजातिसँग मात्र हुन्छ । विधवा विवाहलाई सामाजिक स्वीकृति नै छ । पोइल जाने प्रचलन पनि पाइन्छ । पोइल जाँदा प्रशस्त जारी तिर्नुपर्ने हुन्छ । ठुलो बिहेमा पन्चे बाजाको प्रयोग गरिन्छ, अन्य आधुनिक बाजाहरू प्रयोग गरिँदैनन् । बाजासहितको बिहेलाई ठुलो ब्याहा र सामान्य बिहेलाई नानु (सानो) ब्याहा भनिन्छ ।

## अन्त्येष्टि संस्कार

अन्त्येष्टि संस्कारमा सामान्यतया दुधे दाँत नझरेका केटाकेटीको मृत्यु भएमा काजक्रिया गरिँदैन, खल्को हालेर शुद्ध भएको मानिन्छ । व्रतबन्ध वा विवाह नभएकाहरूको मृत्यु भएमा प्रायः एक राते कार्जे गरिन्छ । त्यो पनि मृत्यु भएको समयमा नभएर पछि मात्र गरिन्छ । मृत्यु भएको समयमा तीन दिनसम्म जुठो बारिन्छ । पछि उपयुक्त दिन हेरेर नदीको किनारमा गई एक रातमै कार्जे पूरा गरिन्छ । उपर्युक्त मृतकको लासलाई बारीको नजिक वा पखेरामा गाडिन्छ । वयस्कहरूलाई गाड (ठुलो खोला) वा नदीमा लगेर चौंरो (चिहान) खनेर गाडिन्छ । जान्नेमान्ने र हुनेखानेलाई मात्र बाजागाजासहित लगेर जलाउने गरिन्छ । मलामी जाँदा पुरेत र दमाईँले मात्र टोपी लगाउँछन् अरू सबैले टोपी लगाउनु राम्रो मानिँदैन । मरेको दिन जमिनलाई पनि जुठो लाग्छ भन्ने मान्यताअनुसार शवलाई गाउँबाट टाढा नलैजाँदासम्म गाउँमा कसैको घरमा पनि धुँवा निकालिँदैन वा शव गाउँबाट टाढा लगेपछि मात्र गाउँलेहरू खल्को गरेर खानपिनको सुरसारमा लाग्छन् । मृत्यु भई घाटमा लगेर संस्कार गरेको राति मूल ढोकामा माइनी/रखानी (खरानी) राख्ने गरिन्छ र बिहानीपख त्यसमा जुन पाइला देखिन्छ, मृतकले सोही जन्म लिएको भन्ने विश्वास गरी पुनर्जन्म हुने मान्यता रहेको पाइन्छ । मृत्युपछि घाटमा लगेर जलाउने वा गाड्ने काम सिद्धिएपछि तेह्र दिने सबै वन्धुले कपाल खौरेर शुद्ध धोती मात्र पहिरेर घर फर्किन्छन् । तर ढोका नखुलेका (आमाबाबु दुबै भएका) ले लुगा फुकाल्नु पर्दैन र कपाल खौरन पनि अनिवार्य मानिँदैन । घर फर्किंदा बाटामा काँडा आदि बालेर शुद्ध आगो देख्ने र सुँघ्ने गरिन्छ यसो गर्दा भूतप्रेतहरू आउँदैनन् भन्ने विश्वास गरिन्छ । घर फर्केपछि कोड बारेर कोडेरो/क्रियापुल्ती (क्रियापुत्री) बस्ने ठाउँ बनाइन्छ । कोड तीनकुने क्रियापुत्रीले खुट्टा पसार्न नसक्ने खालको हुनुपर्छ । क्रियापुत्रीलगायत नाङ्गो रहने तेह्रदिने भाइवन्धुले एकछाके शुद्ध सात्विक खाना खान्छन् । राती क्रियापुत्री कुर्ने पनि पालो लगाइएको हुन्छ ।

यस क्षेत्रमा किरियाकर्म आली किर्या र बासी किर्या गर्ने प्रचलन छ । आली किर्याको बारेमा माथि उल्लेख गरिसकिएको छ । बासी किर्या भनेको मृत्यु भएको एकदुई महिनादेखि तीनचार वर्षपछि गरिने कार्जेलाई बुझिन्छ । आर्थिक स्थिति कमजोर भएका र अन्य कुनै कारणले तत्काल किरियाकर्म गर्न सक्ने अवस्था नरहेमा मृतकको शवलाई चौंरोमा गाडेपछि बातो (मुखमा आगो दिने काम) दिइँदैन र कपाल खौरने जस्ता कुनै काम गरिँदैन । तीन दिनसम्म सामान्य जुठो मानेर पञ्चगव्य खाएर चोखिने काम गरिन्छ । पछि मृतकका आफन्तलाई उपयुक्त समय भएपछि दिन हेराएर गाडिएको शवमा बातो दिई क्रियाकर्म गरिन्छ । गर्नुपर्ने सम्पूर्ण कार्यहरू एक रात वा तीन दिनमा नदी, तलाउ वा अन्य पवित्र स्थलमा गएर कार्जे सम्पन्न गरिन्छ ।

### सहयोगी संस्कृति

यस क्षेत्रमा सामाजिक सरसहयोगको सुन्दर परम्परा रहेको छ । कुनै शुभाशुभ कार्य गर्दा सरसहयोगको परम्परागत नियम नै रहेको छ । छोराको नानु ब्याहामा गोतियार वा गााउँलेले दुई पाथी चामल दिनुपर्ने र छोरीको बिहेमा एक पाथी दिनु पर्छ भने ठुलो ब्याहामा क्रमशः चार पाथी र दुई पाथी दिने गरिन्छ । कुनै मान्छेको मृत्युकर्म सम्पन्न गर्नका लागि मृतकका परिवारलाई सजिलो होस् भनी गाउँलेले एक पाथी चामल र आर्थिक सहयोग दिन्छन् । किरियापुत्रीलाई तेह्र दिनसम्म एक छाके खानका लागि गोतियारहरूको घरबाट चामल, घिउ, फलफूल जस्ता शुद्ध खानकुरा पालैपालो ल्याउने गरिन्छ । टाढा ठाढाकाले पनि बाच्छो भनेर मृतकका नाममा दान दिने गरिन्छ । व्रतबन्धमा बतिबन्दे दिने वा बालो हाल्ने, छोरीको बिहेमा गोडधुवाइ दिने जस्ता कार्यले निम्नवर्गका मानिसलाई पनि शुभाशुभ कर्म गर्न सहज भएको देखिन्छ । यी विविध पक्षको सहयोग हेर्दा यस क्षेत्रमा सहयोगी संस्कृतिको परम्परा परापूर्व कालदेखि चल्दै आएको देखिन्छ ।

### प्राप्ति र परिचर्चा

प्रस्तुत अध्ययनकर्णाली प्रदेश भन्नाले कर्णाली अञ्चलका पाँचै जिल्लाका साथै सेती र भेरी अञ्चलका केही जिल्लाहरू पनि पर्दछन् । यो क्षेत्र भाषा र संस्कृतिको पउल भएको क्षेत्र मानिन्छ । यो नेपाली भाषाको उत्पत्तिस्थल हुनुका साथै संस्कृतिको पनि धनी प्रदेश हो । यिनै संस्कृतिअन्तर्गत वर्षभरि मनाइने बिसु सङ्क्रान्तिको लुतो फाल्ने, तागा लगाउने र सिस्नाले पोल्ने जस्ता कार्यले पर्वको सुरुवात गरिन्छ । साउने सङ्क्रान्तिको छिउबुडी फाल्ने, ओलक लगाउने जस्ता कार्यका साथै मालिका चतुर्दशी र स्थानीय देवी देउताका पूजाआजा पनि उल्लेख्य मानिन्छन् । त्यस्तै आश्विन सङ्क्रान्तिलाई घाँसे सङ्क्रान्तिका रूपमा मनाएर गाईको पूजाआजा गर्ने परम्परा यस क्षेत्रको छुट्टै विशेषताका रूपमा रहेको पाइन्छ । दसैंमा गरिने स्थानीय प्रचलन र मकर सङ्क्रान्तिमा गरिने मौलिक कार्यले कर्णाली प्रदेशको पहिचान बनाएको छ । कर्णाली प्रदेशमा नातासम्बन्धमा देखिने सामाजिक भाषिकाको विविधताका साथै अभिवादन वा ढोगभेटको पनि छुट्टै पहिचान रहेको छ । जातिगत पहिचान राख्ने सम्मानजनक तथा हेयात्मक शब्दको पनि मौलिक छुट्टै अस्तित्व रहेको पाइन्छ । सोह्र संस्कारमा गरिने संस्कारहरूमध्ये नामकरण, विवाह, व्रतबन्ध, अन्त्येष्टि आदि संस्कारमा अन्य प्रदेशमा भन्दा केही फरक, मौलिक र अनौठा संस्कार पाइन्छन् ।

उपर्युक्त प्राप्तिका पूरा गर्नका लागि स्थानीय व्यक्तिहरूसित विभिन्न अध्ययन सामग्रीको प्रयोग तथा स्वानुभवको प्रयोग यथेष्ट गरेको छु । छनोट गरिएका नमुनाका आधारमा यस लेखलाई पूर्णता दिने काम गरेको छु । अध्ययनमा उल्लिखित पक्षको विस्तृत अध्ययनभन्दा सामान्य जानकारी दिने यस अध्ययनको उद्देश्य भएकाले सोही आधारमा अध्ययनलाई पूर्णता दिएको छु । वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोगलाई बढी आत्मसात गर्दै गुणात्मक ढाँचामा आधारित भएर अध्ययनलाई पूर्णता प्रदान गर्ने काम गरेको छु ।

## निष्कर्ष

कर्णाली प्रदेशका चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषता शीर्षकको प्रस्तुत अध्ययनमा त्यस क्षेत्रमा प्रचलित संस्कृति, दर्शन र केही भाषिक पक्षमाथि प्रकाश पार्ने काम गरेको छु । क्षेत्रीय अध्ययन अध्ययन विधिमा आधारित भएर गरिएको यस अध्ययनले त्यस क्षेत्रमा प्रचलित तत्तत् पक्षको सामान्य जानकारी दिएको छु । खास गरेर यस क्षेत्रका भाषा, दर्शन र संस्कृतिका केही पक्षमाविशेष अध्ययन गरी लेखलाई पूर्णता दिएको छु । यसमा कर्णालीका पैठ,कर्णालीको प्रकृतिवादी

दर्शन, पितृपूजनको अनौठो प्रचलन, वैवाहिक परम्परा जस्ता क्षेत्रको विशिष्ट प्रकारले अध्ययन गर्न सकिने भएकाले त्यसमा विहङ्गावलोकन गरेको छु । कर्णाली प्रदेशमा प्रचलित नेपाली भाषाका खास खास शब्दको विशेष चर्चा गरी अन्य क्षेत्रमा प्रचलित भाषाभन्दा भिन्न रहेको निष्कर्षका साथ तिनका विशेषता किटान गरी विहङ्गम दृष्टिले अध्ययनलाई पूर्णता दिने काम गरेको छु । कर्णाली क्षेत्रको मूलतः नरहरीनाथ गाउँपालिकालाई आधार क्षेत्र मानी अध्ययन गर्दा स्तरीय नेपाली भाषाभन्दा फरक खाले शब्द र नातासम्बन्ध रहेको, दर्शन, संस्कृति र संस्कारमा पनि मौलिक पहिचान रहेको र हिन्दु दर्शनमा मनाइने विभिन्न संस्कार र चाडपर्व पनि अन्यत्रभन्दा मौलिक रहेको निष्कर्ष निकालेको छु । उल्लिखित विभिन्न पक्ष त्यस क्षेत्रका मात्र नभएर समग्र नेपालका विधि हुन् । समग्रमा भन्दा कर्णाली प्रदेशका चाडपर्व, संस्कार र भाषाका शाब्दिक विशेषता अन्य क्षेत्रभन्दा विशिष्ट, मौलिक र त्यहाँको स्थानीयता झल्काउने खालको रहेको छ । हाल आएर विज्ञान प्रविधिको विकास, सञ्चार तथा यातायातको पहुँच, पाश्चात्य संस्कृति र स्तरीय नेपाली भाषाको प्रभाव जस्ता कारणले कर्णाली प्रदेशको मौलिक संस्कृति, संस्कार, भाषा र दर्शन लोप हुँदै गइरहेको छ । यसको संरक्षण, संवर्धन तथा उन्नयन गर्न सरकार, स्थानीय निकाय तथा सम्बन्धित सरोकारवाला सचेत हुनुपर्ने मेरो निकर्ष रहेको छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५९ दो. सं.). सामाजिक र प्रायोगिक भाषाविज्ञान. रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाराज र भट्टराई बद्रीविशाल (२०६१). प्रयोगात्मक नेपाली शब्दकोश. विद्यार्थी प्रकाशन ।

उपाध्याय, ज्ञानचन्द्र (२०५६). रैबार. ज्ञानचन्द्र उपाध्याय ।

उपाध्याय, धनकृष्ण (२०६४). कालिकोट जिल्लाको लालुलोखाडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद र मानक नेपाली भाषाको वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन. अप्रकाशित शोधपत्र त्रिवि ।

उपाध्याय, धनकृष्ण (२०७६).माधव घिमिरेका खण्डकाव्यमा पौरस्त्य दर्शन. अप्रकाशित विद्यावारिधि शोधपत्र नेसंवि ।

चालिसे, विजय (२०३९). डोटेली लोकसंस्कृति र साहित्य. साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०२८). कर्णाली लोक संस्कृति. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). नेपाली लोकसाहित्यको विवेचना. त्रिवि पाठ्यक्रम विकास केन्द्र ।

दिगो तथा न्यायोचित विकासप्रतिष्ठान, जुम्ला. बिस्कुन त्रैमासिक पत्रिका.वर्ष १, अंक १,२ र ३ ।

दृष्टि भिजन सम्पा. (सन् २०१७). कला एवं संस्कृति. दृष्टि पब्लिकेसन्स ।

नेपाल सरकार (२०६८). संस्कृति नीति. नेपाल सरकार ।

पोखरेल, बालकृष्ण (२०५७). राष्ट्रभाषा. साझा प्रकाशन ।

भुसाल, वेदुराम (२०६४). दर्शनशास्त्रको परिचय. एसिया पब्लिकेसन प्रा. लि. ।

यात्री, पुर्णप्रकाश (२०५३). नेपाली भाषाको ऐतिहासिक मीमांसा. एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

योगी, नरहरिनाथ ( २०२२). इतिहासमा सन्धिपत्र सङ्ग्रह भाग-२. गोरक्ष ग्रन्थमाला ।

रिमाल, देवानन्द सम्पा. (२०७६) “लोकसंस्कृति भाग ख”. सांस्कृतिक दर्पण. पृ. ६२-८५ ।

सरस्वती, जगदीश्वरानन्द अनु. (सन् २०१४). षड्दर्शनम्. विजयकुमार गोविन्दराम हासानन्द ।

सांकृत्यायन, राहुल (सन् १९४४). दर्शन दिगदर्शन. किताब महल ।

सिँजापति, रामविक्रम (२०४१). केन्द्रीय नेपाली भाषिकाहरू. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।